# संयुक्त प्रेस विज्ञप्ती ।

मिति:-२०८२।०५।१७

**रोजगार अनुमती प्रणाली (Employment Permit System, EPS) माध्यमबाट नेपाली श्रमिक दक्षिण कोरिया लैजाने प्रकृया सम्बन्धी जानकारी:**

१। कोरियाले साना तथा मझौला उद्योगको लागि काम गर्न सन् २००४ देखि विदेशी श्रमिक भित्र्याउन सुरु गरेको हो । सन् २००७ को जुलाई २३ मा नेपाल सरकार र दक्षिण कोरिया सरकारका बिच Memorandum of Understanding, MOU सम्झौता भए पश्चात कोरियाले E-9 भिषा मार्फत नेपाली श्रमिकहरुलाई दक्षिण कोरिया लैजान सुरु गरेको हो । दक्षिण कोरियाले हाल नेपाल सहित १७ वटा देशहरुबाट ई.पि.एस. प्रणाली मार्फत विदेशी श्रमिकहरु भित्र्याउँदै आईरहेको छ ।हालसम्म एक लाख सोह्र हजार भन्दा बढी नेपाली श्रमिकहरु दक्षिण कोरिया रोजगारीमा पुगिसकेका छन् ।

२। ई.पि.एस. बाट नेपाली श्रमिक दक्षिण कोरिया रोजगारीमा लैजान देहाय बमोजिमको प्रकृया/चरणहरु अनुसार हुदै आएको छ ।

| चरणहरु | कोरियाबाट | नेपालबाट |
|---|---|---|
| १ | परीक्षाको लागि दरखास्त आव्हानको सूचना पठाउने | ________ |
| २ | ________ | सूचनालाई नेपालीकरण गरि नेपालले सूचना जारी गर्ने, |
| ३ | ________ | अनलाई फाराम दर्ता गर्ने, |
| ४ | भाषा परीक्षा, Skill Test संचालन र नतिजा प्रकाशन गर्ने | ________ |
| ५ | ________ | उत्तीर्ण भएकाहरुको विवरण (Job application) कोरिया पठाउने, |
| ६ | रुजु गरी रोष्टरमा राख्ने<br>(रोष्टर अवधि दर्ता भएको दिनदेखि २ वर्ष)<br>"विदेशी श्रमिक रोजगारी, आदि सम्बन्धी ऐन"मा तोकिएको व्यवस्था, १७ वटै राष्ट्रहरूमा साझा रूपमा लागु भएको नियम | ________ |
| ७ | कोरियाको रोजगारदाताले अनलाइन वा जब | |

| | | |
|---|---|---|
| | सेन्टरमा आफै गएर आफ्ना शर्तहरू (जस्तै राष्ट्रियता, उमेर, आदि) पेश गरेपछि कम्प्यूटर प्रणालीबाट रोजगार माग संख्याभन्दा ३ गुणा बढी रेन्डमली सिफारिस (दक्षिण कोरियाली रोजगार तथा श्रम मन्त्रालय अन्तर्गतको १७४ वटा जव सेन्टरहरुबाट हुने) | |
| ८ | कोरियाली रोजगारदाताबाट श्रमिक छनौट | ———— |
| ९ | रोजगारदाताको तर्फबाट श्रम करार (Labour Contract-LC) पठाउने | ———— |
| १० | ———— | श्रमिकको तर्फबाट Labour Contract, LC मा हस्ताक्षर गराउने |
| ११ | ———— | पूर्व अभिमूखिकरण तालिम दिलाउने (NAVT) |
| १२ | कामदारको भिषा जारी (CCVI) पठाउने (दक्षिण कोरियाली कानुन मन्त्रालय) | ———— |
| १३ | ———— | भिषाको लागि श्रमिकको राहदानी संकलन र कोरियन दुतावासमा पठाउने, |
| १४ | अन्तिम उडानको सूची पठाउने | ———— |
| १५ | ———— | कोरिया उडाउने (नेपाल स्थित जिम्मेवारी प्राप्त एयरलाईन्स) |

३। कोरियन भाषा परीक्षा, Skill Test उत्तीर्ण भएकाहरुलाई कोरियाको मानव संसाधन बिकास विभाग (Human Resource Development Service of Korea, HRD Korea) ले दुई वर्षका लागि सूची (Roster) मा राख्दछ । रोजगारदाताले जब सेन्टरमा देश, उमेर, लिङ्ग, तौल, उचाई आदिको मापदण्ड पेश गर्दछ । सो शर्तहरू अनुकूल श्रमिक (रोष्टरमा दर्ता भएको १७ वटा राष्ट्रका श्रमिकहरू मध्ये) रोजगारदाताबाट माग संख्याभन्दा ३ गुणा बढी रेन्डमली सिफारिस गरिन्छ । रोजगारदाताले आफै श्रमिकको छनौट गर्दछ ।

४। कोरियन भाषा परीक्षा (EPS-TOPIK) उत्तीर्ण गर्दैमा कोरिया रोजगारीमा जाने सुनिश्चितता हुँदैन, किनकि कोरियाको रोजगारदाताले छनौट गरेमा मात्र कोरिया जान सकिन्छ।

५। विभिन्न क्षेत्रको रोष्टरमा रहेकाहरुले आफु कोरिया छिटो जान पाउँ भनि गरिदै आएको धर्ना, जुलुस आन्दोलन जस्ता अवाञ्छित गतिविधि भैरहेको कारण आगामी दिनमा ई.पि.एस. प्रति नकारात्मक असर पर्ने सम्भावना रहन्छ ।

६। कोरिया जानका लागि विभिन्न क्षेत्रका रोष्टरमा रहेका केहि नेपाली कामदारहरुबाट दिन प्रतिदिन बिभिन्न सामाजिक सञ्जाल तथा अन्य माध्यमहरुबाट ई.पि.एस. विरुद्द भ्रमपूर्ण समाचार सम्प्रेषण गर्ने, आन्दोलन गर्न जम्मा हुन भनी सबैलाई उक्सावट र बोलावट गर्ने गरी रहेका छन् । यस्ता गैरजिम्मेवार क्रियाकलापले ई.पि.एस. को दिगोपनालाई नकारात्मक असर पार्न पनि सक्ने चिन्ता छ । यस्ता अवाञ्छित कार्यहरुमा संलग्न नरहन सवैमा अनुरोध गरिन्छ । साथै यस्ता अवाञ्छित कार्यहरुको मूल्याङ्कनले रोष्टरमा रहेका नेपाली श्रमिकहरुलाई रोजगारदाताले छनौट गरी दक्षिण कोरिया लैजाने कार्यमा समेत असर गर्न सक्छ ।

७। रोजगार अनुमति प्रणालीको आधारभूत नियमहरूको पालना नगरि निरन्तर परिवर्तनको माग गरिएमा नेपालमा रोजगार अनुमति प्रणाली अगाडि बढाउन कठिन हुन सक्छ र यसबाट हुने क्षति अन्ततः नेपाली श्रमिकहरूलाई पर्न सक्छ ।

८। नेपाली श्रमिकहरु कोरिया लैजाने प्रकृया अन्तर्गत ई.पि.एस. कोरिया शाखाले आवेदकहरुको रोजगार आवेदन फाराम (Job Application Form) अनलाईन मार्फत कोरिया पठाउने र बाकी छनौटको प्रकृयाहरु रोजगार अनुमती प्रणाली सम्बन्धी कानूनमा तोकिए अनुसारको निकायबाट हुने हुँदा ई.पि.एस. का प्रकृया र प्रावधानहरु बुझेर मात्र आगामी कोरियन भाषा परीक्षामा सामेल हुन सम्बन्धित सबैमा अनुरोध छ ।

..................
KIM KISOO
Country Representative
HRD Service of Korea

EPS

Government of Nepal
Ministry of Labour, Employment and Social Security
Department of Foreign Employment
EPS Korea Section
Gwarko, Lalitpur

..................
राज कुमार राई
(निर्देशक)
ई.पि.एस. कोरिया शाखा

# 고용허가제 절차에 대한 안내 사항

다음은 고용허가제(EPS)를 통해 네팔 근로자를 한국에 도입되는 절차에 대한 세부 사항 모두에게 알려 드립니다.

1. 한국은 2004 년부터 중소기업에 외국인 근로자를 도입하기 시작했습니다. 2007 년 7 월 23 일 네팔 정부와 한국 정부 간의 양해각서(MOU) 체결 이후, 한국 정부가 E-9 비자를 통해 네팔 근로자를 한국으로 도입하기 시작했습니다. 한국은 현재 고용허가제를 통해 네팔을 포함한 17 개국에서 외국인 근로자를 도입하고 있습니다. 지금까지 116,000 명이 넘는 네팔 근로자가 취업을 위해 한국에 입국했습니다.

2. EPS 를 통해 네팔 근로자를 한국으로 도입하는 절차/단계는 다음과 같습니다.

| 단계 | 한국 | 네팔 |
|---|---|---|
| 1 | 시험 응시 안내 공고 발송 | |
| 2 | | 공고를 네팔어로 번역 후 네팔에서 공고<br>(*EPS Korea Section, DoFE) |
| 3 | | 온라인 원서 접수<br>(*EPS Korea Section, DoFE) |
| 4 | 한국어능력시험과 기능시험 실시 및 결과 발표 | |
| 5 | | 합격자 정보(구직자 명부 신청서) 한국으로 발송<br>(*EPS Korea Section, DoFE) |
| 6 | 확인 후 구직자명부에 등록 (유효기간은 명부등록 후 2 년*) '**외국인근로자의 고용 등에 관한 법률**'에 따른 규정, 이는 17 개 공통된 규칙임 | |

| | | |
|---|---|---|
| 7 | 한국 사업주가 온라인 또는 고용센터에 직접 방문하여 조건(국적, 나이 등) 제시 후 전산에서 채용인원의 3 배를 무작위로 알선<br>(*한국고용노동부 산하 174 개 고용센터) | |
| 8 | 한국 고용주로부터 근로자 선택 | |
| 9 | 고용주 측에서 근로계약서(LC) 발송 | |
| 10 | | 근로자 측에서 근로계약서(LC) 서명<br>(*EPS Korea Section, DoFE) |
| 11 | | 사전취업교육 진행<br>(*National Academy of Vocational Training, Bhaisepati) |
| 12 | 근로자 비자를 위해 (CCVI) 발급<br>(*한국 법무부) | |
| 13 | | 비자 발급을 위해 근로자 여권을 한국 대사관으로 발송<br>(*EPS Korea Section, DoFE) |
| 14 | 최종 입국 명단 송부 | |
| 15 | | 한국으로 송출<br>(네팔에 있으며 책임이 부여된 항공사) |

3. 한국어능력시험 및 기능시험 합격자는 한국산업인력공단(HRD Korea)에서 2 년간 명부에 등재합니다. 고용주는 고용센터에 국적, 나이, 성별, 체중, 키 등의 기준을 제시하고, 기준에 따라 (구직자명부에 있는 17 개국가 근로자 중) 채용인원의 3 배를 무작위로 알선합니다. 사업주가 직접 근로자를 선택합니다

4. 한국어능력시험(EPS-TOPIK) 합격은 한국 취업이 보장되는 것은 아닙니다. 왜냐하면 한국 고용주가 선택해야만 한국에 갈 수 있기 때문입니다.

5. 여러 업종에 명부에 등재된 사람들은 한국에 빨리 가고 싶다며 농성, 집회, 시위 등 바람직하지 않은 행위를 진행하고 있으며, 이는 향후 EPS 에 부정적인 영향을 끼칠 수 있습니다.

6. 한국에 가기 위해서 여러 업종 명부에 등재된 일부 네팔 근로자들은 매일 다양한 소셜 미디어 및 기타 매체에서 EPS 에 대한 허위 정보를 유포하고, 모두가 시위에 참여하도록 선동하고 촉구하고 있습니다. 이러한 왜곡된 정보 때문에 EPS 의 지속성에 부정적인 영향을 미칠 수 있다는 우려가 있습니다. 모든 분들이 이러한 바람직하지 않은 행위에 관여하지 않기를 부탁 드립니다. 또한, 이러한 바람직하지 않은 행위에 대한 평가가 고용주가 구직자명부에 있는 네팔 근로자를 선택하고 도입하는 가능성을 줄일 수 있습니다.

7. 고용허가제의 기본 규칙을 따르지 않고 변경을 지속적으로 요구한다면 네팔에서 더 이상 고용허가제를 진행하기 어려울 수도 있으며, 이러한 피해는 결국 네팔 근로자에게 가게 될 것입니다.

8. 네팔 근로자 한국 도입 절차에 따라 EPS Korea Section 은 합격자의 구직자 명부 신청서를 온라인으로 한국으로 전송하고, 나머지 고용 절차는 고용허가제 관련 법률에 명시된 기관에서 진행됩니다. 또한, EPS 와 관련 현행 법률에 명시된 조항을 받아들일 수 없는 지원자는 향후 실시될 한국어능력시험에 응시하지 않기를 부탁합니다.

| | |
|---|---|
| Raj Kumar Rai | 김기수 |
| Director | 네팔 EPS 센터장 |
| EPS Korea Section, DoFE | 한국산업인력공단 |

Government of Nepal
Ministry of Labour, Employment and Social Security
Department of Foreign Employment
EPS Korea Section
Gwarko, Lalitpur